मिति २०७८।०१।२८ गते बसेको ६९ औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं. १ :- मिति २०७७।१२।२३ गते टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको दमकल अग्नी नियन्त्रण प्रयोजनमा जाने क्रममा टीकापुर नगरपालिका वडा नं.१ ब्लक नं. ९ निवासी हर्क वहादुर साउँद र टीकापुर नगरपालिका वडा नं. ४ निवासी बदीवा चौधरीलाई दमकलले ठोक्किएर घाइते बनाएकोमा निजहरुको उपचार खर्च विल बमोजिम रु.४,०५,५५०।- (अक्षेरुपी चार लाख पाँच हजार पाँच सय पचास) मात्र प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

निर्णय नं. २ :-टीकापुर नगरपालिकाको आयोजनामा मिति २०७६।१०।१० गते देखि २०७६।१०।२४ गते सम्म संचालन गरिएको मेयर कप फुटवल प्रतियोगिता फुटवल खेल्ने क्रममा मिति २०७६।१०।२० मा अरनिको आवासीय माध्यमिक विद्यालयका छात्र शुसिल सेट्ठीको हात भाँचिएको र निजले मिति २०७६।१०।२७ मा उपचार गराए वापतको रकम विल बमोजिम माग गरेकोमा निजको आर्थिक अवस्था समेत कमजोर भएकोले निजलाई रु.४८,७००।- (अक्षेरुपी अड्चालिस हजार सात सय मात्र) प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने ।